Date
Page

बैठक संख्या:

आज मिति २०७८ साल असार ०२ गते बुधबारको दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | [signature] |
| ३ | श्री रामकाजी बाइबा | सदस्य | [signature] |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | [signature] |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | [signature] |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | [signature] |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायाबाइबा | सदस्य | [signature] |
| ९ | श्री यम कुमारी दमाइ | सदस्य | [signature] |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमायावि.क. | सदस्य | |
| १२ | श्री गंगामायावि.क. | सदस्य | |
| १३ | श्री सुन मायाथिङ | सदस्य | [signature] |
| १४ | श्री राम कुमर कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | [signature] |

अन्यउपस्थिति :

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र कुमार स्याङतान- | अधिकृत शिक्षा | |
| २ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | [signature] |

# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको बैठक
# मिति २०७८ असार २ गते बुधबार
# बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. नवौं गाउँसभा सम्बन्धमा ।

३. आ.व २०७८।७९ को लागि बजेट निर्माण तथा योजना छनौट सम्बन्धमा ।

४. चालु आ.व.मा प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन भएका योजनाहरुको म्याद थप माग गर्ने सम्बन्धमा ।

५. फाँपरचुली भ्यूटावर निर्माण योजनाको निर्माण कार्य यथासिघ्र संचालन गर्न ताकेता गर्ने सम्बन्धमा ।

६. कोभिड संक्रमणबाट प्रभावित र रोजगारी गुमाएका परिवारलाई राहत वितरण गर्ने सम्बन्धमा ।

७. विद्यालय संचालन तथा भर्ना अभियान सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनमा रहेको बारे छलफल गर्दै सम्पूर्ण निर्णयहरु पूर्ण कार्यान्वयन गर्न थप तदारुकता देखाउने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा असार २५ गते सम्पन्न हुने गाउँसभाको तयारीको लागि तपसिल बमोजिमको कार्यतालिका निर्माण गरी सो कार्यतालिका अनुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

| कार्यक्रम। क्रियाकलाप | मिति | | समय | कार्यन्वयन स्थल |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| वित्तीय हस्तान्तरण तथा मार्गदर्शन प्राप्त<br>आय व्ययको प्रक्षेपण, संघ प्रदेशबाट बजेट सिमा प्राप्त | प्राप्त भएको | | | गाउँपालिका |
| स्थानीय राजस्व परामर्श समितिको बैठक | ०७८।३।३ | ०७८।३।३ | | गाउँपालिका |
| १.स्रोत अनुमान तथा कूल बजेट सिमा निर्धारण समितिको बैठक<br>२. विषयत शाखा/वडाहरुलाई बजेट सिमा बारे जानकारी | ०७८।३।३ | ०७८।३।३ | | गाउँपालिका |
| लक्षितबर्ग/ बालबालिका/महिला लगायत सरोकारवाला सहितको बस्ती-टोलस्तरबाट योजना छनौट | ०७८।३।३ | ०७८।३।६ | | वडाका टोल/बस्तीस्तर मा |
| क. वडास्तरीय योजना प्राथमिकीकरण<br>ख.शाखा।वडाबाट छनौट भएका योजनाहरु गा.पा.मा पेश गर्ने | ०७८।३।७ | ०७८।३।७ | | गाउँपालिका |
| क.विषयगत शाखा/सहयोगी संघ संस्था सहितको एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा<br>ख. योजना कार्यपालिकामा पेश गर्ने | ०७८।३।८ | ०७८।३।८ | | गाउँपालिका |
| गाउँ कार्यपालिकामा बजेट तथा कार्यक्रम बारे छलफल तथा स्वीकृति | ०७८।३।९ | ०७८।३।९ | | गाउँपालिका |
| गाउँ सभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृति | ०७८।३।१० | ०७८।३।२५ | | गाउँपालिका भवन |

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा निर्णय नं. १ को तालिका बमोजिमका कार्यहरु सम्पन्न गर्दै असार ८ गतेभित्र बस्ती र वडा स्तरका योजनाहरु छनौट गरी गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन भएका तपसिल अनुसारका योजनाहरु कोभिड संक्रमणका कारण ठेकेदारबाट निर्माण कार्य सम्पन्न हुन नसकि अधुरो रहनजाने भएकोले उक्त योजनाहरु २०७८ साल कार्तिक मसान्तसम्म म्याद थपको लागि बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. खट्टार देखि अमले थलागाउं हुँदै फाँपरचुलीसम्म सडक निर्माण ।
२. चिलाउने पँचभैया लप्से हुँदै सात दोबाटोसम्म सडक निर्माण ।
३. रामपुर पाखुरे रामभेडे हुँदै काकलिङसम्म सडक निर्माण ।

**निर्णय नं. ५-** प्रस्ताव नं. ५ मा छलफल गर्दा फाँपरचुली भ्यूटावर निर्माण योजना यथासिघ्र संचालन गर्न घ्याङलेख निर्माण सेवालाई ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ मा छलफल गर्दा कोभिड तथा लामो बन्दाबन्दीको कारण आयआर्जन ठप्प भएका, र न्यून आयआयस्तर भएका परिवारहरुको पहिचान गरि वडा समितिको निर्णय अनुसार सम्बन्धीत वडाको वडाअध्यक्ष मार्फत वडा नं. १ मा रु.३,५०,०००। ०० (अक्षेरुपी तीन लाख पचास हजार) वडा नं. २ मा रु. ४,०००००।०० (अक्षेरुपी चार लाख), वडा नं. ३ मा रु. ३,५००००।०० (अक्षेरुपी तीन लाख पचास हजार), वडा नं. ४ मा रु.४,०००००।०० (अक्षेरुपी चार लाख) र वडा नं. ५ मा रु.४०००००।०० (अक्षेरुपी चार लाख पचास हजार) बराबरको चामल वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ मा छलफल गर्दा यस पालिका भित्र कार्यरत सबै शिक्षक विद्यालयमा अनिवार्य उपस्थिति भई कोभिड १९ को महामारीलाई ध्यान दिई भिडभाड नहुने गरि शैक्षिक सत्र २०७७ को छात्राबृत्ति तथा अनिवार्य पाठ्यपुस्तक वितरणको काम मिति २०७७।०३।०८ सम्म गरी सबै विद्यालय उमेरका बालबालिकालाई अनिवार्य १०० प्रतिशत विद्यालयमा भर्ना भएको सुनिश्चित गराउने गरि सबै सरोकारवालाहरु अभियानको रुपमा अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८:-** प्रस्ताव नं. ८ मा छलफल गर्दा (क) कोभिड संक्रमितहरुलाई भर्पाई अनुसार वितरण गरिएको २५ किलोग्राम चामल र पाँच किलोग्राम दाल अनुमोदन गरियो ।
(ख) अर्को कार्यपालिकाको बैठक असार ९ गते दिउँसो ११ बजे बस्ने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत